यो संहिताको सिद्धान्त एवं उद्देश्य अनुरूप आपनो बिक्री वितरणको व्यवहारको सुपरिवेक्षण तथा उनीहरूको व्यवहार संहिताको सिद्धान्त एवं उद्देश्य अनुरूप हुनको लागि हरेक ठाउँमा आवश्यक कदम चाल्न आफू जिम्मेवार रहेको मान्नु पर्नेछ ।

११.४ गैर सरकारी सङ्गठनहरू विशेषतः नेपाल महिला सङ्गठन तथा बाल कल्याण समन्वय समिति, नेपाल बाल चिकित्सक सङ्घ र नेपाल चिकित्सा सङ्घ, संस्था र सम्बन्धित व्यक्तिहरूले यो संहिताका सिद्धान्त तथा उद्देश्य विपरीतका उत्पादक वा वितरकहरूका क्रियाकलापहरूका सम्बन्धमा ध्यान आकर्षण गर्नेछन्, जसले गर्दा उपयुक्त कदम चाल्न सकियोस् । यस लक्ष्य प्राप्तिका लागि संहिताको उपयुक्त कार्यान्वयन तथा ग्रहणको सुपरिवेक्षण गर्ने प्राथमिक उद्देश्य रहेको एक उपभोक्ता समूहको गठन गरिनेछ । श्री ५ को सरकारको उपयुक्त निकायलाई प.न सो सम्बन्धी जानकारी दिनु पर्नेछ ।

११.५ यस संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूका उत्पादक र प्राथमिक वितरकहरूले बिक्री वितरणमा संलग्न आफ्नो कर्मचारीका प्रत्येक सदस्यले यो संहिता अनुरूप कार्य गरे नगरेको र आफ्नो जिम्मेवारी अनुसार गरे नगरेको कुराको मूल्याङ्कन गर्नु पर्नेछ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४७।४।३२ को निर्णयले देहायका जिल्ला कार्यालयका प्रमुख जिल्ला अधिकारीहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि.नं. | नाम थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री वासुदेव खनाल | प्र.जि.अ. जि. कार्यालय, दाङ | प्र.जि.अ. जि.कार्यालय, रौतहट |
| २. | श्री आनन्दराज पोखरेल | प्र.जि.अ. जि.कार्यालय, सल्यान | प्र.जि.अ. जि. कार्यालय, दार्चुला |

९६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय बागलुङको प्रमुख जिल्ला अधिकारी पदमा सरुवा हुनुभएका श्री गणेशप्रसाद भट्टराई हाजिर नभएसम्मको लागि मिति २०४७।५।१९ देखि नै लागू हुने गरी नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र. अ. श्री सूर्यनाथ कोइरालालाई मिति २०४७।६।४ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय बागलुङको प्रमुख जिल्ला अधिकारी श्री गणेशप्रसाद भट्टराई मिति २०४७।५।३१ देखि बिदामा बस्नुभएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि उहाँले जिल्ला छाडेको मिति देखि नै लागू हुने गरी नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री सूर्यनाथ कोइरालालाई मिति २०४७।६।४ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला कार्यालय भक्तपुरका प्र. जि. अ. श्री सुवर्णलाल श्रेष्ठलाई मिति २०४७।५।१८ को निर्णयले जिल्ला कार्यालय दैलेखको प्रमुख जिल्ला अधिकारी पदमा सरुवा गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला कार्यालय प्यूठानका प्रमुख जिल्ला अधिकारी श्री हिरामणि भण्डारी मिति २०४७।५।२६ देखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री श्रीवत्स आचार्यलाई मिति २०४७।५।२८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

९५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।